# सम्पादक परिचय
# Introduction to Editors

**शेखर पराजुली**ले तथ्याङ्क शास्त्रमा एम.एस्सी. गर्नु भएको छ। उहाँको सह-सम्पादनमा *नेपाली मिडियामा दलित तथा जनजाति* प्रकाशित छ। क्षेत्रीय मिडिया, एफएम रेडियो, प्रेसमा वातावरणीय न्यायका सवाललगायत मिडियाका विभिन्न पक्षबारे उहाँका लेखहरू प्रकाशित छन्।

**प्रत्यूष वन्त**ले इतिहासमा विद्यावारिधि गर्नु भएको छ। नेपाली राष्ट्रियता, गोर्खाली-हरूको इतिहास, मिडिया, र दक्षिण एशियामा क्षेत्रीय प्राज्ञिक अध्ययनबारे उहाँका अनुसन्धानमूलक लेखहरू प्रकाशित छन्। उहाँको सम्पादन/सह-सम्पादनमा *छापामा महिला, नेपाली मिडियामा दलित तथा जनजाति, छापामा दलित, छापामा जनजाति, मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण, स्थानीय रेडियो र क्षेत्रीय मिडिया* प्रकाशित छन्।

**कृष्ण अधिकारी**ले समाजशास्त्रमा एम.ए. गर्नु भएको छ। क्षेत्रीय मिडिया र फिचर सेवाबारे उहाँका लेख प्रकाशित छन्।

**कोमल भट्ट** बि.ए. अध्ययनरत हुनुहुन्छ। काठमाडौंका सन्ध्याकालीन पत्रिका र खोज पत्रकारिताबारे उहाँका लेख प्रकाशित छन्।

**देवराज हुमागाईं** एम.बि.एस. अध्ययनरत हुनुहुन्छ। उहाँले नेपालको धर्म र स्वास्थ्य क्षेत्रमा हुने गरेको चन्दादानबारे अनुसन्धान गर्नु भएको छ। क्षेत्रीय मिडियाबारे उहाँका लेख प्रकाशित छन्।